फोन नं ०८१५२०२३०
ईमेल banked fo123@gmail.com

लुम्बिनी प्रदेश सरकार
वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, बाँके

डिभिजन वन कार्यालय, बाँके
नेपालगंज, नेपाल

अजीत कुमार कर्ण
डिभिजनल वन अधिकृत

## निजी वन व्यवस्थापन, प्रवर्द्धन सहयोग कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्वन्धि सुचना ।

(प्रथम पटक प्रकाशित मिति: २०८०/१०/१८ गते)

एकीकृत भु-परिधि व्यवस्थापन आयोजना, जी.इ.एफ. र डब्लु.डब्लु.एफ. को सहयोगमा नेपालको तराई भु-परिधि क्षेत्रमा रहेका संरक्षित क्षेत्र तथा संवेदनशिल जैविक मार्गको संरक्षणमा संचालन भैरहेको आयोजना हो । आयोजनाको सफल कार्यान्वयनबाट तराई भु- परिधि क्षेत्रमा अवस्थित जैविक मार्ग र संरक्षित क्षेत्रमा विद्यमान जैविक विविधता संरक्षणको चुनौतिलाई न्युनिकरण गर्दै वातावरणीय सेवाको अभिवृद्धि, दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुको संरक्षण र वनश्रोतमा आश्रित स्थानीय समुदायको क्षमता अभिवृद्धिमा टेवा पुर्याउने रहेको छ । यस कार्यालयको चालु आ.व. २०८०/०८१ को स्विकृत कार्यक्रम अन्तर्गत एकीकृत भु-परिधि व्यवसस्थापन आयोजना तर्फ निजी वन प्रवर्द्धन कार्यक्रम कार्यान्यन गर्नु पर्ने भएकोले तपसिलको शर्तहरुको अधिनमा रही ईच्छुक समुदाय तथा कृषकहरुलाई प्रस्ताव पेश गर्न आव्हान गरिन्छ ।

तपसिल:

(१) प्रस्तावक एकीकृत भु-परधि व्यवस्थापन आयोजनाको कार्यक्षेत्रमा पर्ने कम्दी कोरीडोर क्षेत्रको समुदाय/जग्गा धनीहरु हुनु पर्ने ।

(२) वनजन्य/स्थानिय प्रजातीको विरुवा रोपणलाई प्राथमिकता हुने ।

(३) निजि वन व्यवस्थापन प्रवर्द्धन गरिने क्षेत्रफल:- ३० हेक्टर ।

(४) स्वीकृत रकम:- रु. ३० लाख (सम्पुर्ण कर सहित) ।

(५) एउटै जग्गाधनीको धेरै क्षेत्रफलको जग्गा वा समुदायको विभिन्न व्यक्तिको एकै ठाँउमा रहेको जग्गामा गरिने वृक्षारोपणलाई प्राथमिकता हुने ।

(६) प्रस्ताव पेश गर्ने अन्तिम मिति:- २०८०।११।०९ गते कार्यालय समय भित्र ।

(७) प्रस्ताव साथ संलग्न गर्नु पर्ने कागजातहरु:-

क. नागरिकताको प्रतिलिपी

ख. जग्गा धनी प्रमाण पुर्जा प्रतिलिपि

ग. कर तिरेको रसिद

घ. नापि कार्यालयबाट जारी भएको ब्लु प्रिन्ट नक्सा

ङ. सम्वन्धित सब डि.व.का र सम्वन्धित वडाको सिफारिस ।

(११) अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

## निजी वन व्यवस्थापन, प्रवर्द्धन सहयोग कार्यक्रम सम्बन्धि प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/१०/१८ गते**

डिभिजन वन कार्यालय, बाँकेको आ.ब.२०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (संघ सशर्त अनुदान) ब.उ.शि.नं. ३२९९११२४ (निजी वन व्यवस्थापन, प्रर्बद्धन सहयोग कार्यक्रम) अन्तर्गतको तपसिल बमोजिमका कृयाकलाप संचालन गर्न एकीकृत भु-परिधि व्यवस्थापन आयोजना (ILdM) कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८० बमोजिम अनुदान सहयोग दिन सकिने प्रावधान उल्लेख भएकोले यस डिभिजन अन्तर्गत कम्दी कोरिडोर क्षेत्रका समुदाय तथा कृषकहरुले यो सूचना दैनिक नेपालगंज, दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्रमा आवश्यक जरुरी कागजात संलग्न गरी प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । समय भित्र प्राप्त हुन नआएको वा रीत नपुगेको प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

| सि. नं. | कृयाकलापको नाम | ईकाई | परिमाण | अधिकतम रकम रु. (लाखमा) | प्रस्ताव माग गरिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १. | निजी वन व्यवस्थापन, प्रर्बद्धन सहयोग कार्यक्रम | हेक्टर | ३० | ३० | एकिकृत भु-परिधि व्यवस्थापन आयोजनाको कार्यक्षेत्रमा पर्ने कम्दी कोरिडोर क्षेत्र । |

नोटः थप जानकारीका लागि डिभिजन वन कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

अजीत कुमार कर्ण
डिभिजनल वन अधिकृत